# सहुलियतपुर्ण कृषि कर्जा प्रवाह कार्यविधि, २०७८

प्रस्तावनाः कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्वन्धित कार्यक्रम मार्फत उत्पादनमा बृद्धि तथा रोजगारी सिर्जना गर्न सहुलियतपुर्ण ब्याजदरमा कृषि कर्जा उपलब्ध गराउने उद्देश्यका लागि कर्जा प्रवाह कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रूपमा संचालन गर्न यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सहुलियतपुर्ण कृषि कर्जा प्रवाह कार्यविधि, २०७८" रहनेछ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई बुझाउँछ ।

ख) "कार्यविधि" भन्नाले गाउँपालिकाको सहुलियत पुर्ण कृषि ऋण लगानी कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिकालाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ङ) "उपाध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मरिण गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) "वडा" भन्नाले मरिण गाउँपालिकाको वडाहरुलाई सम्झनु पर्छ ।

ज) "व्यवसायी" भन्नाले मरिण गाउँपालिकामा दर्ता भै नियामानुसार कृषि सम्वन्धी व्यवसाय गर्ने व्यवसायी, उद्यमी वा फर्मलाई सम्झनु पर्दछ ।

झ) "व्यवसायी सहकारी फर्म" भन्नाले व्यवसाय संचालन गर्न सहकारी ऐन २०७४ वा मरिण गाउँपालिकाको सहकारी ऐन, २०७५ बमोजिम दर्ता भएको फर्मलाई सम्झनु पर्दछ ।

ञ) "कृषि व्यवसाय" भन्नाले रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि गर्न सहयोग पुर्याउने व्यवसायीक कृषि उत्पादन जस्तै मौसमी तथा वेमौसमी तरकारी खेती, मसला उत्पादन तथा प्रशोधन, फलफूल उत्पादन तथा प्रशोधन, विरुवा उत्पादन, बीउ उत्पादन, प्रशोधन तथा वजारीकरण, कुखुरा पालन, वाख्रा पालन, मासु उत्पादन, दुध उत्पादन, मह उत्पादन तथा प्रशोधन आदिलाई बुझ्नु पर्दछ ।

ट) "कृषि विकास समिति" भन्नाले गाउँपालिकाको समग्र कृषि नीति, रणनीति तथा योजना तयार गर्न र कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि मार्ग प्रशस्त गर्न गठन भएको कृषि विकास समितिलाई सम्झनु पर्छ ।

ठ) "अनुगमन समिति" भन्नाले गाउँपालिकामा संचालन भएको निजी व्यवसायी र सहकारी युवा व्यवसायी फर्मले संचालन गरेका व्यवसाय तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्न पालिकास्तरमा उपाध्यक्षको संयोजकत्वमा गठन भएको सुपेरिवेक्षण समिति वा सुपेरिवेक्षण समितिसँगको समन्वयमा कृषि विकास समितीद्वारा गठित अनुगमन उपसमितिलाई सम्झनु पर्दछ ।

**३. यस कार्यविधिका उद्देश्यहरुः** १) यस कार्यविधिका निम्न लिखित उद्देश्यहरु रहेका छनः

क) यस गाउँपालिकामा दीर्घकालिन रुपमा कृषकहरुलाई कृषि व्यवसायमा संलग्न गराई कृषि व्यवसायबाट गाउँपालिकाको आर्थिक उन्नति गर्ने ।

ख) गाउँपालिकाका युवालाई कृषि व्यवसायमा आकर्षित गर्दै कृषकको क्षमता विकास गरी कृषिजन्य कच्चा पदार्थको उत्पादन गरी उद्योग कलकारखानाको स्थापना गर्न सहयोग गर्ने ।

ग) गाउँपालिकाका युवा कृषकहरुलाई कृषि पेशाबाटै आर्थिक उन्नति गर्न कृषि फर्म, कृषक समुह तथा सामुदायिक फर्महरुमा संलग्न गराई कृषि तथा पशुजन्य वस्तु उत्पादन, प्रशोधन तथा वजारीकरणमा जोड दिने ।

घ) व्यवसायीक सीप विकासको माध्यमबाट युवा कृषकहरुलाई कृषि तथा पशुपन्छीको पकेट संचालनको लागि योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने काममा सहयोग पुर्‍याउने ।

## परिच्छेद - २

## कृषकहरूको लगत संकलन र वर्गिकरण

**४. सहुलियतपुर्ण कृषि कर्जा प्राप्त गर्न इच्छुक कृषकको लगत संकलन तथा सूचिकरणः**
१) कृषि विकास समिति र कृषि तथा पशुपन्छी विकास शाखाले गाउँपालिका भित्र रहेका सहुलियतपुर्ण कृषि कर्जा प्राप्त गरी कृषि उद्यम गर्न इच्छुक कृषकहरुको लगत अनुसूचि-१ को ढाँचामा संकलन गरी सूचिकरण गर्नेछ ।

**५. कृषकको वर्गिकरणः** १) बिद्यमान अबस्थामा सहुलियतपुर्ण कृषि कर्जा प्राप्त गरी कृषि उद्यम गर्न इच्छुक कृषकको सूचि तयार गर्न वडागत रुपमा सूचना संकलन गरी सुचिकृत भएका कृषकहरुको वडागत भेला गराई कृषकहरुले गर्न चाहेको कामको वारेमा जानकारी लिने र कृषकका सम्वन्धमा गाउँपालिकाले लिएको नीतिका विषयमा जानकारी गराइनेछ । सोही भेलामा युवाहरुको इच्छा, चाहना, क्षमता र दक्षता अनुसार बेरोजगार युवाहरुको देहाय बमोजिम वर्गिकरण गरिनेछ ।

क) एक भन्दा बढी विषयमा अनुभव, ज्ञान तथा सीप भएकाः आधारभूतरुपमा एकभन्दा बढी विषय वा क्षेत्रमा काम गरी अनुभव हासिल गरेका युवाहरुलाई वजारमूखी मौसमी तथा वेमौसमी तरकारी उत्पादन, च्याउ खेती, रैथाने बालीको उत्पादन, प्रशोधन तथा वजारिकण, मसला बाली तथा प्रशोधन, फलफूल उत्पादन, संकलन, प्रशोधन तथा वजारिकरण, बीउ उत्पादन तथा प्रशोधन, प्राङ्गारिक कृषि उपज संकलन तथा वजारिकरण, वाख्रापालन, कुखुरा पालन, माछापालन, मह उत्पादन तथा प्रशोधन, एग्रोभेट संचालन, मासु पसल संचालन, दुध संकलन तथा दुग्ध व्यवसाय संचालन आदि क्षेत्र मध्ये मिल्दोजुल्दो एक देखि तीनवटा विषयवस्तु छनौट गर्न दिनु पर्छ ।

ख) कृषि क्षेत्रमा कम अनुभव भएका वा ठोस ज्ञान तथा सीप नभएकाः वेरोजगार कृषकको चाहना र व्यवसायीक योजनाको आधारमा कुनै एक क्षेत्रमा व्यवसाय संचालनको लागि छनौट गरिनेछ ।

## परिच्छेद - ३

## व्यवसायीक योजना माग र स्वीकृति

६. **कार्यक्रम कार्यान्वयनको लागि व्यवसायीक योजना माग गर्ने:** १) कृषि तथा पशुपन्छी शाखाले विधिवत रुपमा नियम पुरा गरी दर्ता भएका कृषि फर्म, समूह तथा सहुलियतपुर्ण कृषि कर्जा प्राप्त गरी कृषि उद्यम गर्न इच्छुक कृषकलाई कार्यक्रम कार्यान्वयनको लागि १५ दिनको म्याद दिइ व्यवसायीक योजना माग गर्नेछ ।

२) कार्यक्रम कार्यान्वयनको लागि मुख्यतया मौसमी तथा वेमौसमी तरकारी खेती, फलफूल तथा डालेघाँस विरुवा उत्पादन (नर्सरी स्थापना), पशु पालन (गाई, भैसी, वाख्रा पालन, कुखुरा पालन), मासु व्यवसाय संचालन, च्याउ खेती, मह संकलन तथा प्रशोधन, एग्रोभेट स्थापनाको लागि निजी व्यवसायी फर्म संचालनको लागि व्यवसायीक योजना माग गरिनेछ ।

३) फर्म वा समुहले व्यवसाय संचालनको लागि गाउँपालिकाबाट सहुलियतपुर्ण कृषि कर्जा प्राप्त गर्न कम्तिमा २५ प्रतिशत स्व-लगानी गर्ने प्रतिवद्धता सहित अनुसूचि-२ को ढाँचामा व्यवसायीक योजना पेश गर्नु पर्नेछ।

तर सहुलियतपुर्ण कृषि कर्जा प्राप्त गरी कृषि उद्यम गर्न इच्छुक कृषकले कम्तिमा १० प्रतिशत स्व-लगानी गर्ने प्रतिवद्धता सहित व्यवसायीक योजना पेश गर्न सक्नेछ ।

५) गाउँपालिकामा संचालन हुने अन्य गैरसरकारी संस्थाहरुसँग पनि साझेदारी गरी कार्यक्रमलाई प्रभावकारी वनाउन सकिनेछ ।

७. **प्रस्ताव मुल्याङ्कन र स्वीकृति:** १) व्यवसायीक योजना पेश गरेका फर्म तथा समूहहरुको स्थलगत निरीक्षण गरी योजनामा उल्लेख गरिएका विषयवस्तुहरुमा कृषि तथा पशुपन्छी विकास शाखाले थप अध्ययन गर्नेछ ।

२) फिल्ड प्रमाणीकरण र योजनामा उल्लेख भएका विषयवस्तुहरुमा मेल नखाएका व्यवसायीक योजना स्वतः खारेज हुनेछ।

३) यस्ता व्यवसायीक योजना प्रस्तावकहरुलाई अर्को वर्ष सुधार गरी व्यवसायीक योजना पेश गर्नको लागि मौका दिईनेछ ।

४) निर्देशक समितिले प्रस्तावित व्यवसायीक योजनाहरुको मुल्याङ्कन गरी उपयुक्त ठहरेमा योजना स्वीकृत गर्नेछ ।

८. **प्रस्ताव कार्यान्वयनको लागि समझदारी गर्नेः** १) कार्यक्रम कार्यान्वयन गर्न कार्यालय र प्रस्तावक बीच अनुसूचि-३ को ढाँचामा समझदारी गर्नु पर्नेछ। अध्यक्ष र सम्बन्धित वडाध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृत र प्रस्तावक वीच समझदारीपत्रमा हस्ताक्षर हुनेछ ।

२) समझदारी पत्रको साथमा बिस्तृत रुपमा प्रस्तावित कार्यक्रम, लक्षित वर्ग र घरधूरी आदि खुल्ने गरी नतिजा हासिल गर्न सकिने सूचकहरु समावेश गरी गरिनेछ। उक्त प्रस्तावित कार्यक्रममा चौमासिक रुपमा कुनकुन क्रियाकलापहरु संचालन गर्ने हो प्रष्ट खुलेको हुनु पर्नेछ ।

३) समझदारी पत्रमा उल्लेख गरिए बमोजिमको ढाँचामा प्रस्तावकले प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्नेछ ।

## परिच्छेद - ४

## कर्जा प्रवाह सम्वन्धी व्यवस्था

९. **सहकारीबाट कर्जा प्रवाह हुनेः** (१) दफा ६ उपदफा (४) वमोजिम निर्देशक समितिबाट स्वीकृत व्यवसायीक योजना कार्यान्वयनको लागि सम्वन्धित फर्म, समूह वा वेरोजगार कृषकहरुलाई तोकिएको सहकारी मार्फत व्यवसायको प्रकृति हेरी अध्यक्षको सिफारिसमा निजी फर्म तथा व्यक्तिको हकमा वढीमा रु १,००,०००।०० (अक्षरुपी एक लाख रुपैया) सम्म र समुहको हकमा समुहको सदस्य संख्या समेतको आधारमा वढीमा रु ३,००,०००।०० (अक्षरुपी तीन लाख रुपैया) सम्म सहुलियतपुर्ण कृषि कर्जा प्रवाह हुनेछ । सहुलियतपुर्ण कृषि कर्जाको व्याजदर वार्षिक २ प्रतिशत हुनेछ।

(२) व्यवसायीक योजनाको आधारमा वढीमा २ वर्षको लागि कर्जा स्वीकृत हुन सक्नेछ । ऋण लगानी गर्ने सहकारीले सहकारीको प्रचलित कानून बमोजिम ऋणीबाट ऋणको साँवा र व्याज असुल गर्न सक्नेछ। सहुलियतपुर्ण ऋण लिइ तोकिएको समयमा साँवा र व्याज नवुझाउने ऋणीलाई सोहि सहकारीको कानून वमोजिम कारवाहि हुनेछ।

(३) गाउँपालिकाको सिफारिसमा सहुलियतपुर्ण कृषि कर्जा लगानी गरेवापत प्राप्त व्याज सम्वन्धित सहकारीले प्राप्त गर्नेछ ।

१०. **सहकारी छनौटः** (१) निर्देशक समितिले सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारी छनौट गर्नेछ ।

(२) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारीले वित्तिय कारोवार गर्ने अनुमती प्राप्त गरेको हुनु पर्छ । साथै त्यस्तो सहकारीको अवस्थिति, प्रशासनिक तथा आर्थिक क्षमता र कारोवारको अवस्था समेतको आधारमा कर्जा प्रवाह गर्ने सहकारी छनौट गर्नु पर्नेछ ।

(३) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारी छनौट सम्वन्धी मापदण्ड निर्देशक समिति आफैले तय गर्नेछ ।

(४) निर्देशक समितिले सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारी छनौट गरेपछि त्यस्तो सहकारी र गाउँपालिकावीच कर्जा प्रवाहका सम्वन्धमा अनुसूचि-४ वमोजिम सम्झौता गरिनेछ । सम्झौता पश्चात गाउँपालिकाले त्यस्तो सहकारीको खातामा रकम जम्मा गर्नेछ ।

(५) गाउँपालिकाले कर्जा लगानीको लागि सहकारीलाई दिएको रकमबाट त्यस्तो निकायले कर्जा प्रवाह गर्न अटेर गरेमा वा कर्जा प्रवाह नगरी रकम हिनामिना गरेमा वा गाउँपालिकाको सिफारिस वेगर कर्जा प्रवाह गरेमा त्यस्तो सहकारीको सम्पुर्ण चलअचल सम्पत्ति रोक्का राख्न सम्वन्धित निकायलाई सिफारिस गरी सहकारी सञ्चालक समितिका सवै सदस्यबाट गाउँपालिकाबाट प्रदान गरिएको रकममा १० प्रतिशत जरिवाना सहित असुली गरिनेछ ।

## परिच्छेद - ५

## कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

**११. प्रस्तावित कार्यक्रमको कार्यान्वयनः** १) प्रस्तावित कार्यक्रम स्वीकृत भई सकेपछि, कृषि फर्म संचालन गर्नेहरुले आफुले वनाएको कार्यक्रमलाई राम्रोसँग अध्ययन गर्नु पर्दछ । कुन क्रियाकलाप कुन महिनामा संचालन गर्ने हो कार्य तालिका वनाई कार्यक्रमको शुरुआत गर्नु पर्दछ । सोही अनुसार चाहिने आवश्यक कच्चा पदार्थ, सामाग्री, भौतिक पूर्वाधारहरुको संरचना निर्माण गर्नु पर्दछ ।

(२) सेवाग्राहीहरुलाई आवश्यक प्राविधिक सहयोग कृषि तथा पशुपन्छी विकास शाखाको प्राविधिकहरुले उपलव्ध गराउनेछन ।

(३) समय समयमा कृषि तथा पशुपन्छी विकास शाखा, अध्यक्ष तथा प्राविधिकहरु बिच बैठक गरी कार्यक्रम संचालनमा आइ परेका समस्या र चुनौतीहरुको वारेमा सल्लाह सुझाव दिनु पर्दछ ।

(४) समझदारी पत्रमा यस कार्यविधिमा उल्लेख नभएका आवश्यक शर्तहरु समावेश गर्न सकिनेछ ।

**१२. कार्यक्रम अनुगमन / मूल्याङ्कन तथा प्रतिवेदन तयारीः** १) स्वीकृत कार्यक्रम कार्यान्वयनको चरणमा कृषि तथा पशुपन्छी विकास शाखाले निरन्तर अनुगमन गर्नेछ । साथै अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै वखत कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण दिन सक्नेछन ।

(२) प्रस्तावकले कार्यक्रम कार्यान्वयन गरी सकेपछि चौमासिक रुपमा आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन कृषि तथा पशुपन्छी विकास शाखामा बुझाउनु पर्नेछ।

(३) उपदफा (१) अनुसार कार्यक्रमको अनुगमन गर्दा कार्यक्रमको प्रगतिको वारेमा जानकारी संकलन गरी आवश्यक प्राविधिक सल्लाह सुझाव दिनु पर्दछ ।

(४) कृषि विकास समितिले चौमासिक रुपमा नतिजा सहितको प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेश गर्नु पर्दछ ।

## परिच्छेद - ६

## निर्देशक समिति सम्वन्धी व्यवस्था

**१३. निर्देशक समितिको गठनः** (१) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने निकाय छनौट तथा नियमन सम्बन्धमा आवश्यक निर्णय लिन तपसिल बमोजिम निर्देशक समिति रहनेछ ।

१. गाउँपालिका अध्यक्ष - संयोजक

२. गाउँपालिका उपाध्यक्ष - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. कृषि विकास समिति संयोजक - सदस्य

५. आर्थिक विकास शाखा प्रमुख- सदस्य

६. पशुपन्छी विकास शाखा प्रमुख - सदस्य

७. कृषि विकाश शाखा प्रमुख- सदस्य सचिव

**१४. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिका काम कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछः

(क) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारी छनौट गर्न आवश्यक मापदण्ड तय गर्ने ।

(ख) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह गर्ने सहकारी छनौट गर्ने ।

(ग) सहुलियतपुर्ण ऋणको व्याजदरका सम्वन्धमा समय समयमा अध्ययन गरी कार्यपालिकामा सिफारिस गर्ने ।

(घ) ऋण लगानी गर्ने सहकारी र गाउँपालिकाबीच ऋणबाट प्राप्त व्याजको वाडफाँडका सम्वन्धमा कार्यपालिकामा राय सुझाव उपलव्ध गराउने ।

(ङ) स्वीकृत कार्यक्रमको प्रभाव मुल्याङ्कन गरी आगामी वर्ष कार्यक्रम तय गर्न कार्यपालिकामा सिफारिस गर्ने ।

(च) व्यवसायीक योजना स्वीकृत गर्ने ।

(छ) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह सम्वन्धमा कार्यपालिका समक्ष नीतिगत सुझाव सिफारिस गर्ने ।

(ज) कार्यपालिकाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद - ७

## विविध

**१५. प्रचलित कानून वमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम लागु हुनेछ ।

**१६. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्वन्धमा कुनै द्विविधा भएमा सो को निवारण गाउँ कार्यपालिकाले गर्नेछ ।

**१७. संसोधन तथा खारेजीः** यो कार्यविधि गाउँपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेज गर्न सक्नेछ ।

अनुसूचि–१

(दफा ४ को उपदफा १ सँग सम्वन्धित)

**<u>सहुलियतपुर्ण कृषि कर्जा प्रवाहको लागि कृषकको लगत संकलन फाराम</u>**

गाउँपालिकाको नामः मरिण गाउँपालिका

१. ऋण लिन चाहनेको नाम, थरः ...................................

२. लिङ्गः ........ ३. उमेरः ............ ४. सम्पर्क नं...............

५. हालको ठेगानाः ........................

६. परिवार सदस्य संख्याः ............... ७. कति जग्गा जमिन छः ..............

८. कुनै कृषि व्यवसाय सम्वन्धी ज्ञान, सीप, अनुभव वा विशेषज्ञता छ छैन ? छ भने कुन व्यवसायमा विशेषज्ञता वा अनुभव छ ? (कुखुरापालन, वाखापालन, तरकारी खेती आदि उल्लेख गर्ने । छैन भने उल्लेख गर्नु पर्दैन) ....................

९. तपाईले हाल कृषि व्यवसाय संचालन गर्न शुरु गर्नु भएको छ, छैन । ...........

१०. यदि छ भने कस्तो व्यवसाय शुरु गर्नु भयो ? (कुखुरापालन, वाखापालन, तरकारी खेती आदि उल्लेख गर्ने) ....................

११. यस प्रकारको कृषि व्यवसाय संचालनको लागि तपाँइले कति सम्म लगानी गर्न वा लगानी गर्ने योजना वनाउनु भएको छ ? ....................

१२. यो व्यवसाय संचालनको लागि तपाईसँग कस्तो प्रकारको ज्ञान, सीप छ ?

.........................................

१३. अरुबाट कस्तो प्रकारको सहयोगको आवश्यकता छ (आर्थिक, प्राविधिक, कानूनी, आदि)? यदि आर्थिक लगानी हो भने कति अनुदान वा ऋण ........

१४. यो कृषि व्यवसाय संचालनको लागि कति जना मानिस वा परिवारको कति जना सदस्य पुरा समय संलग्न हुन्छन ? ........... मानिस ....... परिवार को सदस्य

१५. यस प्रकारको कृषि व्यवसाय संचालनको लागि तपाई लगायत अरुलाई के कस्तो खालको प्राविधिक सहयोगको खाँचो छ? ..................

१६. तपाइ र तपाई जस्तै यस्तो खालको कृषि व्यवसाय संचालन गर्नेहरुले केन्द्रिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सहयोग पाउनु भएको छ ? यदि पाउनु भयो भने कुन सरकारबाट कस्तो सहयोग पाउनु भयो ? यदि अनुदान पाउनु भएको छ भने कति रकम पाउनु भयो ? ....................................

अनुसूचि–२

(दफा ६ उपदफा (३) सँग सम्वन्धित)

**व्यवसायीक योजनाको प्रस्तावना पत्र⁄फाराम**

मितिः ……………..

श्री मरिण गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट , सिन्धुली ।

विषयः व्यवसायीक योजना सहित प्रस्तावना पेश गरेको वारे ।

म/हामी, हाम्रो फर्मको तर्फबाट यो स्वीकार गर्दछौं कि मेरो/हाम्रो ज्ञान बुद्धिले जानेसम्म तहाँ कार्यालयबाट प्रकाशन भएको सुचनाको आधारमा मैले/हामीले मेरो/हाम्रो ……………………व्यवसाय संचालनको लागि सह लगानी तथा सहकार्य गर्ने उद्धेश्यले यो फारममा उल्लेख गरिएका विवरण/तथ्यहरु सत्य छन् । यसै साथ सम्लग्न विवरण तथा तथ्यहरु मैले/हामीले जानी जानी फरक पार्न खोजेको ठहरिएमा मेरो⁄हाम्रो आवेदन तहाँ कार्यालयबाट छनौट प्रक्रियामा समावेश हुने छैन भन्ने कुरा मैले/हामीले राम्ररी बुझेकोछु/बुझेकाछौ । साथै म/हामी, हाम्रो संस्थाको तर्फबाट स्वघोषणा गर्दछु/गर्दछौं कि गाउँपालिका, कृषि तथा पशुपन्छी विकास शाखा र अन्य आयोजनाद्वारा सन्चालित कृषि सम्बन्धी परियोजनाबाट यस्तो कार्यक्रम संचालनको लागि अनुदान लिएका छैनौं । मेरो/हाम्रो प्रस्तावित व्यवसायीक योजना दर्ता भई छनौट भएको खण्डमा आफु र समुदायको हितको लागि तत्परताका साथ व्यवसाय संचालन गरी उद्धेश्य अनरुपको काम गर्ने छु/छौ भनी प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं ।

संलग्न गर्नु पर्ने कागजातहरुः

१. फर्म/समुह तथा प्यान दर्ताको प्रमाण–पत्र ।(फर्म वा समूहको हकमा)

२. शैक्षिक योग्यताको प्रमाण–पत्र ।

३. सम्बन्धित क्षेत्रमा तालिम प्राप्त गरेको प्रमाण–पत्र ।

४. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाण–पत्र ।

५. सम्वन्धित वडाको सिफारिश पत्र ।

(वुधा नं २, ३ र ४ को हकमा प्रस्तावक फर्म भए फर्मको प्रोप्राइटरको, समूह भए समुहका सदस्यहरुको र व्यक्ति भए स्वयंको शैक्षिक प्रमाणपत्र, तालिम र अनुभवको प्रमाणपत्र पेश गर्ने।)

<u>प्रस्तावकले दस्तखत गर्ने</u>

दस्तखतः ........................................

प्रस्तावकको नामः ........................................

फर्म/समुहको नामः ........................................

ठेगानाः ........................................

फर्मको छापः ........................................

१. प्रस्तावकको संक्षिप्त व्यक्तिगत तथा फर्मको विवरण

| | |
|---|---|
| व्यवसाय संचालन कर्ताको नाम | |
| उमेर | |
| व्यवसाय फर्म/समुहको नाम | |
| समुहका सदस्य संख्या र व्यवसाय गर्न इच्छुक सदस्य संख्या (समुहको हकमा मात्र) | |
| संचालन गर्ने व्यवसायको किसिम | |
| स्थायी ठेगाना | |
| पत्राचारको ठेगाना | |
| सम्पर्क मोवाइल नंम्बर | |
| ईमेल ठेगाना | |
| प्राप्त उच्चतम शैक्षिक योग्यता | |
| सम्बन्धित क्षेत्रको तालिम विवरण | |
| सम्वन्धीत व्यवसाय सम्वन्धी अनुभव | |
| फर्म/समुह दर्ता सम्बन्धी जानकारी:<br>स्थापना मिती:<br>फर्म दर्ता मितिः<br>फर्म दर्ता भएको निकायः<br>दर्ता नम्बरः<br>प्यान नः<br>प्यानमा दर्ता मिती: | |

२. संचालन गर्ने व्यवसायको अवधारणा/व्यवसायीक योजना (तपाईले गर्न चाहेको सम्भाव्यता, अवसर तथा त्यसबाट पाउने फायदा हुन सक्छन् उल्लेख गर्नुहोस्).

३. प्रस्तावित लगानी वारे सामान्य जानकारी

| | |
|---|---|
| लगानी गर्ने व्यवसायको नाम | |
| लगानीको अवधिः | मिति ………….. देखि ………………. सम्म |
| अनुमानित जम्मा बजेटः | |
| आफैं जुटाउने | रु ………… वरावर श्रमदान के के माः ………………………….. |
| ऋण लिने रकम, श्रोत | नगद रकम रु……………………… |
| अनुदान | वित्तिय संस्थाको नामः………………………… |
| लगानीको उद्धेश्यः | |
| लगानीका मूख्य मूख्य कार्यहरुः | |
| खरिद/बिक्री गर्ने मुख्य मुख्य वजार क्षेत्रहरु | |
| खरिद कर्ता/ बिक्री कर्ता | |
| लक्षित वर्गहरु | |
| अनुमानित लाभान्वित घरधुरी | |
| | |

अनुसूचि–३

(दफा ८ उपदफा (१) सँग सम्वन्धित)

## मरिण गाउँपलिका र ........ बीच भएको समझदारी पत्र

सहुलियतपुर्ण कृषि कर्जा मार्फत कृषि उद्यमशिलता विकास गर्न मरिण गाउँपालिका (यस पछि प्रथम पक्ष भनिएको) र ........................................ (फर्म/समुह/व्यक्ति) (यस पछि दोश्रो पक्ष भनिएको) वीच स्वीकृत व्यवयसायीक योजना कार्यान्वयन गर्ने गराउने सम्वन्धमा यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

**पृष्ठभूमि**

मरिण गाउँपालिका र ................................ को संयुक्त लगानीमा मरिण गाउँपालिका वडा नं ...... मा ......................................... कार्यक्रम कार्यान्वयन गरिनेछ । कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धि गर्दै कृषि क्षेत्रमा रहेको अर्ध वेरोजगारीको समस्या समाधान गरी न्युन आय भएका कृषकको आर्थिक उन्नति गर्नु यो कार्यक्रमको लक्ष्य रहेको छ । जुन लक्ष्य परिपुर्तिको लागि स्वीकृत व्यवसायीक योजनाको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ ।

**समझदारीका वुधाहरुः**

**क) प्रथम पक्षको भुमिकाः**

१. स्वीकृत व्यवसायीक योजना बमोजिम सहुलियतपुर्ण कृषि कर्जा उपलव्ध गराउन सिफारिस गर्ने ।

२. कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधिहरु तर्जुमा गरी व्यवसाय संचालन गर्न सहयोग गर्ने गराउने ।

३. स्वीकृत व्यवसायीक योजना बमोजिम कार्यक्रम कार्यान्वयन गर्न प्राविधिक सहयोग उपलव्ध गराउने ।

४. कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन, मुल्याङ्कन गर्ने र पृष्ठपोषण प्रदान गर्ने ।

५. कृषकले संचालन गर्न चाहेको व्यवसाय छनौट गरी योजना वनाउन तालिम गोष्ठी संचालन गर्ने ।

६. कृषकको उत्पादनको वजारीकरण गर्न आवश्यक सहयोग गर्ने ।

**ख) <u>दोश्रो पक्षको भुमिकाः</u>**

१. स्वीकृत व्यवसायीक योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।

२. कार्यक्रमको प्रगति विवरण आवधिक रुपमा गाउँपालिकामा पेश गर्ने ।

३. सम्वन्धित सहकारीको नियमानुसार सहुलियतपुर्ण कृषि कर्जाको साँवा र व्याज समयमै भुक्तानी गर्ने ।

**ग) <u>सम्झौता कार्यान्वयन प्रक्रिया</u>**

४. स्वीकृत व्यवसायीक योजना अनुरुप वार्षिक कार्यक्रम कार्यान्वयन तालिका वनाइ गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयन तालिका बमोजिम कार्यक्रम सञ्चालन गर्ने पर्नेछ ।

६. कार्यक्रम कार्यान्वयनको दौरान कुनै कठिनाइ उत्पन्न भएका तत्काल गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

७. गाउँपालिकाले निरन्तर अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनेछ । त्यस्तो पृष्ठपोषण लागू गर्नु गराउनु दोश्रो पक्षको कर्तव्य हुनेछ ।

८. कार्यक्रमको आवधिक प्रगति विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

अनुसूचि–४

(दफा १० उपदफा (४) सँग सम्वन्धित)

## मरिण गाउँपलिका र ........ सहकारी संस्थाबीच भएको सम्झौता पत्र

मरिण गाउँ कार्यपालिकाको कार्यालय सिन्धुली (यस पछि पहिलो पक्ष भनिएको) र सिन्धुली जिल्ला मरिण गाउँपालिका वडा नं ...., मा संचालित ................................ सहकारी संस्था (यस पछि दोस्रो पक्ष भनिने) का बीच मरिण गाउँपालिकाको सहुलियतपूर्ण कृषि कर्जा प्रवाह कार्यविधि २०७८ बमोजिम प्रवाह गरिने सहुलियतपुर्ण कृषि कर्जा लगानी गर्न तथा कर्जा व्यवस्थापन सम्वन्धी कार्य गर्नको लागि तपसिल बमोजिमको शर्तको अधिनमा रहि दुवै पक्ष विच सहमती भइ यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं ।

शर्तहरु

१) पहिलो पक्षले दोस्रो पक्षलाई सहुलियत पुर्ण कर्जा लगानी गर्न रु ............... (अक्षरुपी ........................... मात्र) रकम उपलब्ध गराउने छ ।
२) सहुलियतपुर्ण कृषि कर्जा प्रवाह कार्यविधि २०७८ बमोजिम पहिलो पक्षको सिफारिसमा गाउँपालिका भित्रका किसानहरुलाई दोस्रो पक्षले सहुलियतपुर्ण कृषि कर्जा लगानी गर्नु पर्नेछ ।
३) दोश्रो पक्षले कर्जा प्राप्त गर्ने कृषकबाट सहुलियतपुर्ण कृषि कर्जाको बार्षिक २ प्रतिशत ब्याजदरमा व्याज रकम असुल गर्न सक्नेछ । कार्यक्रमको प्रशासनिक खर्चको रुपमा दोश्रो पक्षले कर्जा लगानीको व्याज रकम प्राप्त गर्नेछ ।
४) दोश्रो पक्षले कर्जा प्रवाह गर्दा अधिकतम २ वर्ष भित्र कर्जा असुल हुने व्यवस्था गर्नेछ । दोश्रो पक्षको प्रचलित कानून वमोजिम कर्जाको सावाँ तथा व्याज असुली सम्वन्धी कार्य गर्नेछ ।

५) प्रथम पक्षले कर्जा लगानीको लागि दोश्रो पक्षलाई दिएको रकमबाट प्रथम पक्षको सिफारिस वमोजिम कर्जा प्रवाह गर्न अटेर गरेमा वा कर्जा प्रवाह नगरी रकम हिनामिना गरेमा वा प्रथम पक्षको सिफारिस वेगर कर्जा प्रवाह गरेमा दोश्रो पक्षको सम्पुर्ण चलअचल सम्पत्ति रोक्का राख्न सम्वन्धित निकायलाई सिफारिस गरी सहकारी (दोश्रो पक्ष) सञ्चालक समितिका सवै सदस्यबाट गाउँपालिका (प्रथम पक्ष) बाट प्रदान गरिएको रकममा १० प्रतिशत जरिवाना सहित असुली गरिनेछ ।

६) सम्झौतामा उल्लेख भएका विषयहरु सम्झौता बमोजिम र सम्झौतामा उल्लेख नभएका विषयहरु मरिण गाउँपालिकाको सहुलियतपुर्ण कृषि कर्जा प्रवाह कार्यविधि २०७८ तथा गाउँपालिकाका अन्य प्रचलित कानुन र नेपाल सरकार तथा वागमती प्रदेश सरकारको प्रचलित कानून वमोजिम हुनेछ ।

| **प्रथम पक्षः** | **दोश्रो पक्षः** |
|---|---|
| **दस्तखतः** | **दस्तखतः** |
| **नामः** | **नामः** |
| **पदः** | **पदः** |
| **कार्यालयको छापः** | **कार्यालयको छापः** |

**इति सम्वत २०७.... साल ..... महिना ... रोज शुभम ।**